# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

जमुनबारी झापा, कोशी प्रदेश, नेपाल

## आर्युवेदिक औषधि सामग्री खरिद सम्बन्धी
## विद्युतीय शिलबन्दी दरभाउपत्र फाराम

**ठेक्का नं.: KANAKAI/SQ/Goods/2082/83-13**

**जारी मितिः २०८३/०१/३०**

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जमुनबारी, झापा
कोशी प्रदेश, नेपाल



CamScanner

खण्ड १: विद्युतीय शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

# कनकाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

जमुनबारी झापा, कोशी प्रदेश, नेपाल

फोन: ०२३-४०११५५, इमेल: kanakai.mun@gmail.com

## आर्युवेदिक औषधी सामग्री खरिद सम्बन्धी विद्युतीय शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

दोस्रो पटक सूचना प्रकाशित मितिः २०८३/०१/३०

कनकाई नगरपालिकाको कार्यालयमा आ.व. २०८२।८३ मा कनकाई नगरपालिकामा रहेको नागरिक आरोग्य केन्द्रको लागि आर्युवेदिक औषधी सामग्री खरिद गर्नका लागि प्रचलित सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ अनुसार सम्पूर्ण शिलबन्दीदाताहरुको जानकारीको लागि विद्युतीय शिलबन्दी (Electronic Sealed quotation) आह्वान गरिएको छ।

१. खरिद सम्बन्धी विवरणहरु:-

| क्र. स. | ठेक्का नं.: | विवरण | शिलबन्दी पेश गर्ने अन्तिम मिति तथा समय | शिलबन्दी फारम शुल्क | शिलबन्दी मान्य हुने अवधी | शिलबन्दी जमानत रकम (बैंक जमानत वा धरौटी खातामा नगद जम्मा) | शिलबन्दी जमानतको मान्य हुने न्यूनतम अवधी |
|---|---|---|---|---|---|---|---|
| १. | KANAKAI/SQ/ Goods/2082/83-13 | आर्युवेदिक औषधी सामग्री खरिद | २०८३।०२।०६ मध्यान्ह १२:०० बजे | रु.१,०००।- | शिलबन्दी खोल्ने दिनबाट ४५ दिन | रु. ११,०००।- | ७५ दिन |

२. शिलबन्दी पेश गर्न इच्छुक शिलबन्दीदाताहरुले थप जानकारी लिन वा शिलबन्दी सम्बन्धी कागजात हेर्न नगरपालिकामा सम्पर्क गर्न सकिनेछ वा विद्युतीय खरिद प्रणाली (www.bolpatra.gov.np/egp) बाट प्राप्त गर्न सकिनेछ।

३. शिलबन्दी सम्बन्धी कागजात खरिद गर्न शिलबन्दी कागजातको दस्तुर रु.१,०००।- यस नगरपालिकाको नाममा नेपाल बैंक लिमिटेड, सुरुङ्गा, को राजश्व शिर्षक नं. १४२२९ मा राजश्व मोडुलको भौचर मार्फत राजस्व खाता नं.: १४७०३०००००१००१००००००१ मा जम्मा गर्नुपर्नेछ र जम्मा गरेको सक्कल भौचरको स्क्यान प्रति विद्युतीय शिलबन्दी साथ पेश (Upload) गर्नुपर्नेछ।

४. तोकिएको मिति र समय भित्र प्राप्त भएका शिलबन्दी सोही दिनको अपरान्ह १२:३० बजे उपस्थित हुन चाहने शिलबन्दीदाताका प्रतिनिधिहरुको रोहवरमा यस नगरपालिकाको कार्यालयमा खोलिनेछ तर शिलबन्दीदाताका प्रतिनिधिको उपस्थिति नभए पनि प्राप्त भएका शिलबन्दीहरु खोल्न कुनै बाधा पर्ने छैन।

५. शिलबन्दी खरिद गर्ने अन्तिम दिन वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यस लगत्तै कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

६. शिलबन्दीसाथ माथिको तालिकामा उल्लेख भए बमोजिम शिलबन्दी जमानत पेश गर्नु पर्नेछ र उक्त शिलबन्दी जमानतको मान्य हुने अवधी शिलबन्दीको मान्य हुने अवधी भन्दा कम्तिमा ३० दिन बढी अवधी सम्मको हुनुपर्नेछ।

७. शिलबन्दीदाताले शिलबन्दी जमानत बापत नगदै राख्न चाहेमा यस नगरपालिकाको नाममा नेपाल बैंक लिमिटेड, सुरुङ्गा शाखामा रहेको धरौटी खाता नं.: १४७०३०००००३००००००००१ मा जम्मा गरी बुझिने गरी सक्कल भौचरको स्क्यान प्रति विद्युतीय शिलबन्दी साथ पेश (Upload) गर्नुपर्नेछ।

८. एक शिलबन्दीदाताले एक्लै वा संयुक्त उपक्रमको रुपमा एउटा मात्र शिलबन्दी पेश गर्न पाउनेछ । कुनै शिलबन्दीदाताले एक भन्दा बढी शिलबन्दी पेश गरेको अवस्थामा त्यस्तो शिलबन्दीहरु मान्य हुनेछैन ।

कनकाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय जमुनबारी, झापा कोशी प्रदेश, नेपाल

९. शिलबन्दी सम्बन्धी कागजातमा रहेका कुनै बिषयमा स्पष्ट हुन चाहने इच्छुक शिलबन्दीदाताले शिलबन्दी पेश गर्नुपर्ने अन्तिम मिति भन्दा पाँच दिन अगावै नगरपालिकामा सम्पर्क गरि प्रष्टीकरण प्राप्त गर्न सक्नेछन

१०. शिलबन्दी भर्दा आइटमवाइज इकाई मुल्य भर्नुपर्नेछ, आवश्यक औषधिहरु यसैसाथ संलग्न सुचि बमोजिमको परिमाण र मात्रा अनुसार छनौट हुने औषधि Department of Drug Administration मा दर्ता तथा नविकरण भएको शिलबन्दी दरभाउपत्रदाताबाट पेश हुनुपर्नेछ।

११. औषधि दाखिला हुन आउँदा कम्तिमा १२ महिना पछिको Expiry date हुनुपर्नेछ तर कुनै औषधिके जम्मा Expiry date १२ महिना भन्दा कम हुने अवस्थामा जम्मा self life को कम्तिमा ७५ प्रतिशत म्याद बाँकि हुँदा नै दाखिला गर्नुपर्नेछ ।

१२.शिलबन्दी दरभाउपत्रदाताले शिलबन्दी दरभाउपत्र पेश गर्दा भ्याट लाग्ने र नलाग्ने आईटम उल्लेख पेश गर्नुपर्नेछ ।

१३.शिलबन्दीदाताले पेश गर्ने शिलबन्दीमा निम्न कागजातहरु बुझिने गरी भौचर स्क्यान गरी संलग्न/अपलोड गर्नुपर्नेछ।

**क. कानूनी ग्राह्यता सम्बन्धी कागजातहरुः**

- **प्यान/भ्याट दर्ता प्रमाणपत्रको छाँयाप्रति,**
- **औषधि बिक्री ईजाजत पत्रको छाँयाप्रति नविकरण सहित (औषधि व्यवस्था विभागको प्रमाणपत्र आ.व. २०८२।८३ नविकरण समेत)**
- **आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको छायाप्रति**

**ख.** शिलबन्दी जमानत (नगद जम्मा वा बैंक जमानत)

**ग.** अख्तियारी पत्र (शिलबन्दीमा संचालक बहेको हस्ताक्षर भएमा)

**घ.** अंकित मूल्य सूची (कबोल रकम)

१४.शिलबन्दी टाइप गरिएको वा नमेटिने मसीले लेखिएको र अधिकार प्राप्त व्यक्तिले हस्ताक्षर गरेको हुनुपर्नेछ । कुनै थपघट, फेरबदल, केरमेट गरिएको वा सच्याइएको स्थानमा सोहि व्यक्तिले हस्ताक्षर गरेको हुनुपर्नेछ ।

१५.शिलबन्दीदाताले आफुले पेश गरेको शिलबन्दी फिर्ता लिन वा संशोधन गर्न सक्ने छैनन् ।

१६.शिलबन्दी दरभाउपत्र मुल्याङ्कन गर्दा WHO-GMP Guideline/national GMP guideline/ औषधि उप्पादन कुशल अभ्यास (दोस्रो संशोधन) संहिता, २०८२ बमोजिम प्रमाणिकरण गरिएको उद्योगबाट उत्पादित औषधिलाई प्राथमिकतामा राखि छनौट गरिनेछ ।

१७.पेश भएका शिलबन्दीको पूर्णता, ग्राह्यता तथा कबोल रकमको मूल्यांकन गरी सबै भन्दा न्यून रकम कबोल गर्ने सारभूत रुपमा प्रभावग्राही शिलबन्दी छनौट गरिनेछ ।

१८. औषधि तथा औषधिजन्य सामाग्रीहरुको गुणस्तरमा कुनै शंका लागेमा विद्युतिय शिलबन्दी दभाउपत्रदाताले आफ्नै खर्चमा गुणस्तर परीक्षण गर्नुपर्नेछ। आपुर्ति गरीने औषधि तथा औषधिजन्य सामाग्रीहरु प्रत्येक प्याकिङ्गको बाहीर उत्पादन मिति, म्याद सकिने मिति र ब्याज नम्बर आदि उल्लेख भएको हुनुपर्नेछ।सुचिमा उल्लेख भएका सामानहरुको गुणस्तर जाँच प्रविधिक समितिले छुट्टाछुट्टै मुल्याङ्कन गर्नेछ।उल्लेखित मुल्य र ब्रान्ड प्रविधिक समितिले सिफारीस गरेको मात्र हुनेछ।

**१९.शिलबन्दीदाताले शिलबन्दी फारमको प्रत्येक पाना एवं सामग्रीको दररेट भरी आफुले कवोल गरेको रकम अंक र अक्षर प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । औषधि तथा औषधिजन्य सामाग्रीहरुको मुल्य कम्तिमा पनि अधिकतम बिक्री मुल्य भन्दा कम हुनुपर्नेछ। कबोल रकमको अंक र अक्षरमा रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई आधार मानी कूल कबोल रकम गणना गरिनेछ।**

**२०.शिलबन्दीदाताले आपूर्ती गर्ने सामग्रीहरु कार्यालयले निर्धारण गरेको स्पेशिफिकेशनमा उल्लेख भए बमोजिमको हुनु पर्ने छ। स्पेशिफिकेशनमा उल्लेख भए भन्दा फरक गुणस्तरको सामग्री भएमा कार्यालयले उक्त सामग्री स्वीकार गर्ने छैन।**

२१.बिद्युतिय शिलबन्दि दरभाउपत्र प्याकेजमा स्वीकृत गरिनेछ ।

२२. सप्लाइ हुने औषधिको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति Expiry date, कम्पनिको नाम तथा निशुल्क बितरणको लागि भनि अनिवार्य लेखिएको हुनुपर्नेछ ।

२३. उल्लेखित औषधि तथा औषधिजन्य सामाग्रीहरु दोश्रो पक्षले सम्झौता भएको ३० दिन भित्रमा पहिलो पक्षलाई उपलब्ध गराउनुपर्नेछ।

कमल गाउँपालिका नगरपालिकाको कार्यालय आमबारी, झापा कोशी प्रदेश, नेपाल

२४.   उल्लेखित औषधि पहिलो पक्ष समक्ष पुर्याउने ढुवानिको व्यवस्थापन दोश्रो पक्ष आफैले गर्नुपर्नेछ ।

२५.शिलबन्दीमा उल्लेखित सामग्रीको परिमाण कार्यालयले आवश्यकता अनुसार थप घट गर्न सक्ने छ। थपघट भएता पनि शिलबन्दीदाताले कबोल गरेको दररेटमा परिवर्तन गर्न पाउने छैन।

२६.सम्झौता गर्नुअघि कुनै पनि समयमा कारण खुलाई वा नखुलाई कुनैपनि शिलबन्दी स्वीकार वा अस्वीकार गर्ने वा शिलबन्दीको प्रक्रिया रद्ध गर्ने वा सम्पूर्ण शिलबन्दी अस्वीकार गर्ने अधिकार नगरपालिका निहित रहनेछ। यसरी रद्ध वा अस्वीकार गर्दा शिलबन्दीदताप्रति नगरपालिकाको कुनै दायित्व रहनेछैन ।

२७.नगरपालिकाले शिलबन्दी स्वीकृतीको जानकारी **"स्वीकृतठीपत्र वा "दरभाउपत्र स्वीकृतीको सूचना"** मार्फत स्वीकृत वा छनौट भएको शिलबन्दीदातालाई र अन्य सबै सहभागी शिलबन्दीदाताहरुलाई पत्र वा इमेल वा सार्वजनिक सूचना मार्फत गराउनेछ ।

२८.सम्झौता भए पश्चात कार्यादेश जारी भए पश्चात सम्झौता प्रारम्भ भएको मानिनेछ।

२९.प्रस्तावित कार्यको निमित्त छनौट भएको शिलबन्दीदाता शिलबन्दी प्रक्रियाको प्रतिस्पर्धामा सहभागी हुँदा कुनै किसिमको भ्रष्टाचार वा जालसाजीजन्य कार्यमा संलग्न भएको ठहरिएमा वा नगरपालिकालाई रकम बुझाउनु बाँकी बक्यौता भएको ठहरिएमा नगरपालिकाले त्यस्तो शिलबन्दीदातासँग खरिद सम्झौता गर्न अस्विकार गर्नेछ।

३०.अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुरुङ्गा/बारी, झापा
कोशी प्रदेश, नेपाल

कनकाई नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
जामुनवारी झापा
कोशी प्रदेश नेपाल

**Bill of Quantity**

योजनाको नामः- आर्युवेदिक औषधिजन्य सामग्री खरिद

ठेक्का नं- KANAKAI/SQ/Goods/2082/83-13

| क्र.स. | औषधिको नाम | स्पेसिफिकेसन | परिमाण | दर रेट (भ्याट बाहेक) | | जम्मा रकम | कैफियत (भ्याट लाग्ने भए यहाँ उल्लेख गर्नुहोला) |
|---|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा | | |
| १ | अविपत्तिकर चुर्ण | ५० ग्राम | ४०० | | | | |
| २ | अश्वगन्धा चुर्ण | ५० ग्राम | ३५० | | | | |
| ३ | अमला चुर्ण | १०० ग्राम | ६० | | | | |
| ४ | अर्शकुठार रस | १० ग्राम | ५० | | | | |
| ५ | बालामृत | १०० एम.एल | १०० | | | | |
| ६ | चन्द्रप्रभा वटी | २५ ग्राम | १०० | | | | |
| ७ | दशमुल तेल | ६० एम.एल | २०० | | | | |
| ८ | हिंम्वाष्टक चुर्ण | ५० ग्राम | २५० | | | | |
| ९ | कैशर गुग्गुल | २५ ग्राम | १०० | | | | |
| १० | काञ्चनार गुग्गुल | २५ ग्राम | ६० | | | | |
| ११ | जामुन चुर्ण | १०० ग्राम | ५० | | | | |
| १२ | महानारायण तेल | ६० एम.एल | १५० | | | | |

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| क.स. | औषधिको नाम | स्पेसिफिकेसन | परिमाण | दर रेट (भ्याट बाहेक) | | जम्मा रकम | कैफियत (भ्याट लाग्ने भए यहाँ उल्लेख गर्नुहोला) |
|---|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा | | |
| १३ | षड्विन्दु तेल | १५ एम.एल | ६० | | | | |
| १४ | त्रिफला चुर्ण | ५० ग्राम | ४०० | | | | |
| १५ | सितोपलादी चुर्ण | ५० ग्राम | २०० | | | | |
| १६ | महाशंख वटी | १० ग्राम | ६० | | | | |
| १७ | योगराज गुग्गुल | २५ ग्राम | १६० | | | | |
| १८ | मृगमदासव | १५ एम.एल | १२० | | | | |
| १९ | सतावरी चुर्ण | १०० ग्राम | २०० | | | | |
| २० | टंकण भष्म | १० ग्राम | ५० | | | | |
| २१ | खदिरादी वटी | १० ग्राम | ६० | | | | |
| २२ | पुष्यानुग चुर्ण | २५ ग्राम | १० | | | | |
| २३ | त्रिकटु चुर्ण | ५० ग्राम | ५० | | | | |
| २४ | यष्टिमधु चुर्ण | ५० ग्राम | २० | | | | |
| २५ | ज्वानो चुर्ण | १०० ग्राम | ५० | | | | |
| २६ | जात्यादी तेल | ६० ग्राम | ७० | | | | |
| २७ | महायोगराज गुगुल | १० ग्राम | १०० | | | | |
| **जम्मा रकम** | | | | | | | |

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

CamScanner